☎ ०८२-५९०६४०
info@rajpurmundang.gov.np
URL: www.rajpurmundang.gov.np

# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्याः २०८०/०८१
चलानी नम्बरः

## उद्यमशीलता विकास कार्यक्रम सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/२६**

यस गाउँपालिकाको उद्यमशीलता बिकास तथा बजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ७ बमोजिम गाउँपालिका वा गाउँपालिकामा सुचिकृत भएका गैरसरकारी संघसंस्थाबाट तालिम प्राप्त गरी उद्यम संचालन गरिरहेका उद्यमी व्यवसायीहरुलाई बस्तुगत आर्थिक सहायता प्रदान गरिने भएकाले तपशिल बमोजिमको शर्त तथा मापदण्डहरु पूरा गरेका उद्यमीले संलग्न आवश्यक कागजात सहित यो सूचना प्रकाशित मितिले ७ दिन भित्र तोकिएको ढाँचमा यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना आह्वान गरिएको छ ।

**शर्त तथा मापदण्डहरु**

क. व्यक्तिगत वा सामुहिक रुपमा उद्यम दर्ता तथा नविकरण गरेको हुनुपर्नेछ ।
ख. उद्यमी राजपुर गाउँपालिका भित्रको स्थायी बासिन्दा हुनुपर्नेछ ।
ग. व्यक्तिगत उद्यमीको हकमा निजले गाउँपालिका वा गाउँपालिकामा सूचिकृत संस्थाबाट तालिम लिएको हुनु पर्नेछ।
घ. सामुहिक रुपमा उद्यम सञ्चालन गरेकाहरुको हकमा समुहका कम्तिमा ३ जना सदस्यहरुले गाउँपालिका वा गाउँपालिकामा सुचिकृत भएका गैरसरकारी संघसंस्थाबाट तालिम लिएको हुनुपर्नेछ।
ङ. निवेदन पेश गर्नु भन्दा कम्तिमा ६ महिना अगाडि उद्यम दर्ता भई सञ्चालन भएको हुनु पर्नेछ।
च. श्रमिकलाई रोजगारी प्रदान गरेका र स्थानीय श्रोत तथा साधनको प्रयोगबाट उद्योग संचालन गरेका उद्यमीहरुलाई विशेष ग्राह्यता दिइने छ।

**आवश्यक कागजातहरु**

१. उद्यमीको नागरिकताको फोटोकपी र हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो
२. सामुहिक उद्यमीको हकमा पदाधिकारीहरुको नागरिकताको फोटोकपी र हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो र समुहको विधानको फोटोकपी
३. उद्यम दर्ता तथा नविकरण गरेको प्रमाणपत्र
४. वडा कार्यालको सिफारिसपत्र
५. तालिम प्राप्त प्रमाणपत्रको पोटोकपी

नोटः सूचना प्रकाशित पश्चात उद्योग/व्यवसाय दर्ता वा नविकरण गरेका उद्यमीहरुलाई यस कार्यक्रममा सहभागी गराइने छैन । थप जानकारीका लागि कार्यालयमा वा ९८५७८४२६६६ मा सम्पर्क गर्नु होला ।

प्रमुख प्रशासकीय अधिकृत

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत